श्री

# बारा जिल्ला अदालतबाट जारी भएको

## कैद ,जरिवाना वा सरकारी बिगो छुट दिई लगत कट्टा गरिने बारेको

## जरुरी सूचना

*सूचना प्रकाशित मिति २०७५/०२/०६*

यस अदालत तथा अन्य अदालतको फैसला बमोजिम यस अदालतमा लगत कायम भएको कैद, जरिवाना वा सरकारी विगो आदि बाँकी वक्यौता बुझाउन ल्याएमा "सर्वोच्च अदालत नियामावली, २०७४ को नियम १३५ को उपनियम १ बमोजिम सूचना जारी भएका मिति देखि ०७५ साल श्रावण मसान्त भित्रमा बुझाउन ल्याएमा छुट दिई लगत कट्टा गर्ने" भन्ने केन्द्रिय लगत कट्टा समितिको मिति ०७५/१/३१ को निर्णय फैसला कार्यान्वयन निर्देशनालयको च.नं.२७८ मिति ०७५/०२/०२ को पत्रबाट लेखी आएको हुदा **०७५ साल श्रावण मसान्त भित्र कार्यालय समयमा** फैसला बमोजिम यस अदालतमा लगत कायम भएको कैद, जरिवाना वा सरकारी विगो आदि बाँकी वक्यौता रहेका ब्यक्तिहरुले बुझाउन ल्याएमा मुलुकी ऐन दण्ड सजाय महलको २४ नं. को अधिनमा रही देहाय बमोजिम छुट दिई लगत कट्टा गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

देहाय

१. सूचना प्रकाशन भएको मितिले पचास वर्ष भन्दा अघिको अन्तिम फैसला बमोजिमको लगतमा ७५ प्रतिशत

२. सूचना प्रकाशन भएको मितिले तीस बर्ष भन्दा अघि पचास वर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा ५० प्रतिशत

३. सूचना प्रकाशन भएको मितिले बीस बर्ष भन्दा अघि तीस वर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा २५ प्रतिशत

राजकुमार आचार्य
तहसिलदार, शाखा अधिकृत

ईति सम्वत् २०७५ साल जेष्ठ ६ रोज २ शुभम्.........................................................।